# खत्याड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रामतडी ,मुगु
कर्णाली प्रदेश,नेपाल

खत्याड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रामतडी, मुगु कर्णाली प्रदेश

पत्र संख्याः२०८३/०८४ मितिः२०८३/०५/०३
चलानी नं:१३५

**यस कार्यालयबाट आ.व. २०८३/०८४ मा खरिद कार्यमा सहभागी हुन सूचिकृत हुने सम्बन्धी सूचना।**

सार्वजनिक खरिद ऐन,२०६३ को परिच्छेद-२ को दफा (क) र (ख) तथा सार्वजनिक खरिद नियामावली, २०६४ को नियम १८ अनुसार सार्वजनिक निकायबाट सोही ऐनमा तोकिए बमोजिम हुने खरिद सम्बन्धी कार्यको लागि सम्बन्धित कार्यालयले त्यस्तो खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको छुट्टाछुट्टै सूचि तयार गर्नुपर्ने व्यवस्था भए बमोजिम यस कार्यालयबाट आ.व.२०८३/०८४ मा मौजुदा सूचिमा दर्ता हुन ईच्छुक योग्य फर्म,संघ/संस्था वा व्यक्तिहरुलाई सूचिकृत हुन चाहेको समूह समेत स्पष्ट रुपमा खुलाई यस कार्यालयमा तोकिएको ढाँचामा आवेदन गर्नु हुन सम्बन्धित सबैमा सूचित गरिएको छ।

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१.फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि।
२.PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३.पछिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता प्रमाणपत्र।
४.सम्बन्धित व्यवसायको इजाजतपत्र (लागु हुने भएमा) फर्म कम्पनीको प्रोफाईल।
५.सम्पर्क व्यक्ति, ठेगाना,फोन नम्बर तथा इमेल विवरण।
६.गाउँपालिकाले आवश्यक ठानेका अन्य कागजातहरु।

तोकिएको म्यादभित्र प्राप्त भएका निवेदनहरु प्रचलित कानून बमोजिम मूल्याङ्कन गरी सूचीकृत गरिनेछ। सूचीकृत हुनु मात्र खरिद कार्य प्राप्त गर्ने अधिकारको सुनिश्चितता हुने छैन।

.............................
थानेश्वर जैसी
नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

"मिलेर फालौ भ्रष्टाचारको जालोः सुशासन प्रवर्द्धनमा गरौ हाते मालो"
Email: info@khatyadmun.gov.np, ito.khatyadmun@gmail.com
Website: www.khatyadmun.gov.np